एक परिवार, एक पारिवारिक निजी वन, समृद्ध नेपाल हाम्रो अभियान

# पारिवारिक निजी वन खबर

पारिवारिक निजी वन संघ, नेपाल (एफोन) द्वारा प्रकाशित

वर्ष ३, अंक ११, २०७७

# पारिवारिक निजी वन किसानका समस्याप्रति सरकार संवदेनशील छ : वनमन्त्री आले






काठमाडौं । पारिवारिक निजी वन संघ, नेपाल (एफोन) आठौं वर्षमा प्रवेश गरेको छ । मुलुकभरका पारिवारिक निजी वन किसानहरूको छाता संगठन एफोनले सोमबार काठमाडौंमा सातौं स्थापना दिवस मनाएको छ ।

पारिवारिक र निजी वनमा आश्रित किसान, परिवार र उद्यमीहरूको अधिकार रक्षा गर्दै थप अधिकार प्राप्तिका लागि नीतिनिर्माण प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र पहुँचविस्तार गर्ने उद्देश्यले

एफोन स्थापना भएको हो । २०७१ फागुन २४ गते देशभरका पारिवारिक निजी वन किसानहरूको भेलाले एफोन स्थापना गरेका थिए ।

एफोन स्थापना दिवस कार्यक्रम उद्घाटन गर्दै वन तथा वातावरण मन्त्री प्रेमबहादुर आलेले पारिवारिक निजी वन किसानका समस्या समाधानतर्फ सरकार संवेदनशील रहेको बताउनु भएको छ ।

कार्यक्रमको प्रमुख अतिथि मन्त्री आलेले स्थापना दिवसमा एफोनलाई शुभकामना दिँदै निजी जमिनमा गरिएको वनखेतीमा परेका समस्यालाई हल गर्नका लागि सरोकारवाला निकायसँग छलफलसमेत भएको जानकारी दिनुभयो । पारिवारिक निजी वनबारे भए गरेका समस्याबारे सरकारले जिम्मेवारीसाथ समाधान गर्ने पनि उहाँले बताउनु भयो ।

मन्त्री आलेले सम्बोधनकै क्रममा सिंचाइको व्यवस्थान गरी जडीबुटी रोपन गर्न राज्यले सहयोग गर्ने योजना ल्याउँदै गरेको जानकारी दिँदै पारिवारिक निजी वन संघले पनि यस्ता सम्भावित क्षेत्रहरूमा काम गर्न सक्ने सम्भावना औंल्याउनु भएको थियो ।

स्थापना दिनका अर्को विशिष्ठ अतिथि राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका




**पारिवारिक निजी वन किसानका समस्या समाधानतर्फ सरकार संवेदनशील रहेको छ**

सभापति रामनारायण बिडारीले वनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधि, नियम, विनियमहरु जनविरोधी भएको खण्डमा जानकारी गराउन आग्रह गर्नुभएको छ । उहाँले एफोनका प्रतिनिधि एवं सबै सरोकारवालासँग अन्तर्क्रिया गरेर त्यस्ता समस्याको समाधानमा आफ्नो पहल रहने बताउनु भयो ।

कार्यक्रमका अर्को विशिष्ठ अतिथि प्रतिनिधिसभा सदस्य घनश्याम खतिवडाले पारिवारिक निजी वनलाई धितोका रूपमा राखी ऋण लिन पाइने व्यवस्था तत्काल गर्नुपर्ने औंल्याउनु भयो । राष्ट्रिय सभाकासांसद ठगेन्द्रप्रकाश पुरीले हाम्रो वास्तविक सम्पत्ति भनेको प्राकृतिक स्रोत भएको बताउँदै त्यसमध्ये वन महत्वपूर्ण स्रोत र पारिवारिक निजी वन हाम्रो सत्य भएको बताउनुभयो ।

सामुदायिक वन उपभोक्ता महासंघ,





नेपालका अध्यक्ष भारती पाठकले अझै पनि महिलाका नाममा जमिन छैन र यस्ता सवालहरूमा अझै काम गर्नुपर्ने धारणा राख्नु भयो । आमउपभोक्ताहरु, आमकिसानहरूको हकअधिकार हनन गर्ने गरी गरिने कुनै पनि व्यवस्थापन प्रणाली आफूहरूलाई स्वीकार्य नहुने उहाँको भनाइ थियो ।

कार्यक्रमको अध्यक्षता गर्दै पारिवारिक निजी वन संघ, नेपालका केन्द्रीय अध्यक्ष जोगराज गिरीले पारिवारिक निजी वन किसानहरूको सम्पत्तिमाथिको अधिकार स्थापना र कृषिबालीसरह रूख तथा काठहरु बेच्न पाउने अधिकारको सुनिश्चितता गर्दै सम्बृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय नारामा टेवा पुऱ्याउन आउँदा दिनहरूमा पनि सम्पूर्ण सरोकारवालाहरूको यस्तै साथ र सहयोगको अपेक्षा गर्नुभएको छ ।

एफोन स्थापना दिवसमा राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष गणेश विश्वकर्मा, नेपाल वन प्राविधिक संघका अध्यक्ष कुमुद श्रेष्ठ, सामुदायिक विद्युत महासंघका अध्यक्ष नारायण ज्ञवालीलगायत




शुभकामना दिनुभएको थियो ।

स्थापनाको सातौं वर्षको अवधिमा एफोनले ६१ जिल्लामा जिल्ला शाखा विस्तार भइसकेको छ भने सातै प्रदेशमा प्रदेश संगठनसमेत विस्तार गरिसकेको छ ।

यसैबीच स्थापना दिवसकै दिन १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस पनि भव्यतासाथ मनाइएको छ । सो अवसरमा पारिवारिक निजी वन संघ, नेपालका सम्पूर्ण सदस्यहरु महिलाविरूद्धहुने सबैखाले हिंसाको अन्त्यका ऐक्यबद्धता जनाइएको थियो ।

# 'पाउलोनिया' मिचाहा प्रजाति हुनसक्ने आशंका

टंकनारायण श्रेष्ठ



सुरिलो काण्ड, छरितो फेद, मलिलो पात, छिटो बढ्ने स्वभाव, काठ, घाँस, महको स्रोत, काण्ड बिजुलीको खम्बा, घरभित्रको फर्निचरका लागि उपयोगी, हलुका र बलियो काठ हुने हुँदा नेपालका वन किसानले पछिल्लो समय पाउलोनियालाई अत्यधिक रूचाएको छ

सुरिलो काण्ड, छरितो फेद, मलिलो पात, छिटो बढ्ने स्वभाव, काठ, घाँस, महको स्रोत, काण्ड बिजुलीको खम्बा, घरभित्रको फर्निचरका लागि उपयोगी, हलुका र बलियो काठ हुने हुँदा नेपालका वन किसानले पछिल्लो समय पाउलोनियालाई अध्यधिक रूचाएका छन्

काठमाडौं । नेपालमा पछिल्लो समयमा कृषकहरूको निजी जग्गामा खेतीको रूपमा बिस्तारै फैलिँदै गएको छिटो बढ्ने विदेशी रूख प्रजाति 'पाउलोनिया' मिचाहा विदेशी प्रजाति हुन सक्ने हुनाले वन तथा वातावरण र कृषि मन्त्रालयले यो खेतीको सूक्ष्म अनुगमन र अनुसन्धानमा ध्यान दिनुपर्ने कुरा विशेषज्ञहरूले औँल्याएका छन् ।

विशेषगरी रैथाने प्रजातिको रूपमा चीनमा करिब तीन हजार वर्षदेखि खेती गरिँदै आएको पाउलोनिया प्रजातिको रूख जापानलगायत विश्वका धेरै मुलुकमा यसको बहुगुणहरूले गर्दा कृषकमाझ लोकप्रिय हुँदै आएको छ ।

यसको सुरिलो काण्ड, छरितो फेद, मलिलो पात, छिटो बढ्ने स्वभाव, काठ, घाँस, महको स्रोत, काण्ड बिजुलीको खम्बाका रूपमा उपयोग गर्न सकिने, घरभित्रको फर्निचरमा प्रयोग गर्न सकिने हलुका र बलियो काठ हुने हुँदा नेपालमा पनि ४१ भन्दा बढी जिल्लामा पाउलोनियाको खेती गरिँदै आएको तथ्यांकहरूमा देखिन्छ । नेपालमा सरकारले निजी जग्गामा भएको सालको रूख काट्न नदिने नीति अख्तियार गर्नु र विदेशबाट वार्षिक रूपमा करिब ६ अर्बको काठ आयात भइरहेको सन्दर्भमा महँगिँदै गएको काठको आपूर्तिलाई सहज बनाउन र काठको काकाकुल स्थितिलाई समाधान गरी आयात प्रतिस्थापन गर्न

पाउलोनियाको वृक्षरोपणले सहयोग गर्ने हुँदा यसको खेतीतर्फ कृषकहरू स्वतःस्फूर्त रूपमा आकर्षित भएका हुन् ।

वनस्पतीविज्ञ डा। भरतबाबु श्रेष्ठ हालसम्म उपलब्ध जानकारीको भरमा भन्नुपर्दा विश्वमा पाउलोनिया उत्तरी अमेरिका र क्यानडाको सीमावर्ती क्षेत्रमा सुरूमा निजी जग्गामा खेती गरिएको भए पनि पछि आफैं मिचाहा प्रजातिको रूपमा प्राकृतिक वासस्थापनमा फैलिन गई ती देशहरूमा जैविक विविधताको संरक्षणको सन्दर्भमा टाउको दुखाइको विषय बन्न गएको बताउनुहुन्छ ।

ग्लोबल इन्भेजिव स्पीसिज प्रोग्रामले मिचाहा विदेशी वनस्पति ९आईएएस० प्रजातिको परिभाषा गर्दै भनेको छ, 'विदेशी मिचाहा प्रजाति भनेको त्यस्ता जीवहरू हुन् जुन उनीहरूको प्राकृतिक वासस्थानबाट नयाँ वातावरणमा स्थापित हुन गई नयाँ ठाउँको वातावरण, अर्थतन्त्र र मानव स्वास्थ्यलाई ठूलो हानी पुन्याउँछन् ।' त्रिभुवन विश्वविद्यालयका वनस्पति विभागका डा। श्रेष्ठले २०७४ सालमा नेपालमा सम्पन्न एक सम्मेलनमा प्रस्तुत गर्नुभएको कार्यपत्र अनुसार नेपालको वातावरणमा हालसम्म १७९ प्रजातिका मिचाहा विदेशी वनस्पतिले आफूलाई स्थापित गरिसकेको र त्यसमध्ये २६ प्रजातिले नेपालको स्थानीय वातावरण, पारिस्थितिकीय प्रणाली र अर्थतन्त्रलाई नकारात्मक प्रभाव पारेको पाइएको छ ।

'तर, नेपालमा पर्याप्त अध्ययनबिना अहिले नै मिचाहा प्रजाति भनेर पाउलोनियालाई घोषणा गर्न नसकिए ता पनि केही दशकपछि मिचाहा प्रजाति हुनसक्ने संभावना छैन भन्न सकिँदैन,' डा। श्रेष्ठ भन्नु हुन्छ, 'तर, सरकारले अनुमति दिनुअघि नै नेपाली कृषकहरूले आफ्ना निजी जग्गाहरूमा पाउलोनियाको खेती सुरू गरिसकेकाले कृषकहरूलाई एक्कासि निरूत्साहित गर्न पनि सकिँदैन ।'

'यद्यपि, पाउलोनियाको खेती नेपालमा धेरै व्यापक नभइसकेकोले नेपालमा वन अनुसन्धानको जिम्मा पाएको आधिकारिक सरकारी निकाय वन अनुसन्धान तथा

**'विदेशी मिचाहा प्रजातिले प्राकृतिक वासस्थानबाट नयाँ वातावरणमा स्थापित हुन गई नयाँ ठाउँको वातावरण, अर्थतन्त्र र मानव स्वास्थ्यलाई ठूलो हानी पुन्याउँछन् ।'**

प्रशिक्षण केन्द्रले यो प्रजातिको वृद्धि स्वभाव र 'परफर्मेन्स'को बारेमा कुनै ढिलो नगरी वैज्ञानिक अनुसन्धानमार्फत् नेपालमा व्यापक रूखमा यसको खेती गर्न हुने–नहुने विषयमा प्राविधिक सिफारिस गर्नुपर्ने ठाउँमा त्यसो हुनसकेको थाहा छैन', वनस्पतीविज्ञ डा। श्रेष्ठ उल्लेख गर्नुहुन्छ ।

नेपालका त्रिभुवन विश्वविद्यालयबाहेक विभिन्न अरू विश्वविद्यालयहरूमा समेत जैविक विविधता विषयमा प्राध्यापन गरिरहनुभएका वनस्पतिविज्ञ डा। श्रेष्ठका अनुसार कुनै पनि विदेशी प्रजाति मिचाहा प्रजाति कहलिनको लागि उक्त प्रजाति निजी जग्गामा खेती गरेपछि आफैं प्राकृतिक वासस्थानमा तीव्र गतिमा फैलिन गएको र स्थानीय उपयोगी वनस्पति प्रजातिलाई विस्थापित गर्दै मानव स्वास्थ्यमा समेत हानि गरिरहेको हुनुपर्दछ ।

पाउलोनिया विशेषगरी बढी चिस्यान भएको तथा तातो हावापानी भएको ठाउँमा खेती गर्न सकिने भए पनि समुद्र सतहबाट १२०० मिटरदेखि २१०० मिटरसम्मको उचाइमा राम्ररी हुर्किने तीव्र वृद्धिदर भएको रूख प्रजाति भएको बताइएको छ ।

औद्योगिक प्रदूषण नियन्त्रण गर्न र अरू वनस्पति प्रजातिहरूको दाँजोमा वायुमण्डलबाट १० गुणा बढी कार्वनडाइ अक्साइड अवशोषण गरी विश्व तापमान वृद्धिलाई न्यूनीकरण गर्न महत्वपूर्ण योगदान गर्ने हुँदा सन् १९७० को दशकमा २० हजार हेक्टर क्षेत्रमा मात्र खेती गरिएको भनिएको पाउलोनिया सन् १९८६ मा १५ लाख हेक्टरमा खेती गरिएको पाइएको र हालको अवस्थामा यसको खेती करिब ३० लाख हेक्टरमा फैलिइसकेको हुनसक्ने वनस्पतिविज्ञहरू बताउँछन् ।

पाउलोनियाको एक हेक्टरको वृक्षरोपणले प्रतिवर्ष बराबर अनुपातमा अक्सिजन दिँदै बायुमण्डलबाट १ हजार २६३ टन कार्वनडाइ अक्साइड भन्ने हरित गृह ग्यास सोस्ने बताइएको छ । पाउलोनियाको काठ प्लाइउड, घरायसी फर्निचर, निर्माण कार्य तथा गितारलगायतका वाद्ययन्त्रहरू बनाउन बढी प्रयोग गरिएको पाइन्छ ।

पछिल्लो जानकारीअनुसार नेपालमा विदेशबाट बीउ ल्याई खेती गरिएको 'युकालिप्टस क्यामलडुलेन्सिस' नामको रूख प्रजाति र 'इपिल–इपिल' भन्ने घाँस प्रजाति 'मिचाहा' प्रजातिको रूपमा फैलिएको विशेषज्ञहरूले बताएका छन् । मिचाहा प्रजातिले रैथाने प्रजातिको अस्तित्व जोखिममा पारी स्थानीय समुदायको जीविकोपार्जनको मुख्य आधार स्थानीय जैविक विविधता ध्वस्त पार्न नकारात्मक भूमिका खेलेको बताइएको छ ।

नेपालमा स्थापित भइसकेका मिचाहा विदेशी वनस्पति प्रजातिहरूमध्ये किर्नेकाँढा, जलकुम्भी, लहरे वनमारा र सेतो वनमारा विश्वका सबैभन्दा हानिकारक १०० प्रजातिका मिचाहा विदेशी वनस्पति प्रजातिअन्तर्गत सूचीकृत छन् । नेपाल भारतबीचको खुला सिमाना तथा निर्बाध एवं निष्प्रभावी क्वारेन्टाइन प्रणालीको कारण मिचाहा विदेशी प्रजाति भित्रिरहेको विज्ञहरूले बताएका छन् ।

# साललगायत काठमाथिको प्रतिबन्ध तत्काल फुकुवा गर्न माग



काठमाडौं । पारिवारिक निजी वन संघ (एफोन) नेपालले पारिवारिक निजी वन किसानका सालगायतका काठमा माथि लगाउँदै आएको प्रतिबन्ध तत्काल फुकुवा गर्न माग गरेको छ । संघको काठमाडौंमा सम्पन्न स्थापना दिवस तथा राष्ट्रिय कार्यसमिति बैठकका निर्णयहरु सार्वजनिक गर्न मंगलबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा आफ्ना मागबारे सार्वजनिक गरिएको हो ।

सरकारले अन्य वनको साल काठलगायतमा फुकुवा गरे पनि पारिवारिक निजी वन किसानको जमिनमा हुर्किका सालगायत थुप्रै प्रजातिमा अझै प्रतिबन्ध लगाइएको छ । पत्रकार सम्मेलनमा मागहरु राख्दै एफोन राष्ट्रिय अध्यक्ष जोगराज गिरीले आफ्नो निजी वनमा लगाएको वन अन्य फसलजस्तै भएकाले बाधा अवरोध गर्ने अधिकार नभएको बताउनु भयो ।

नेपालको वन क्षेत्र सम्बन्धि कुनै पनि नीति, ऐन तथा निर्देशिका तथा योजनाहरु निर्माण र कार्यान्वयन गर्दा पारिवारिक निजी वन क्षेत्रको अर्थपूर्ण सहभागिताको सुनिश्चितता, संविधानले व्यक्तिको सम्पत्तिको सुरक्षाको ग्यारेन्टी गरेको

> आफ्ना खेतबारीको डिलका छेउछाउमा हुर्काएका रुख बिरुवाको सहज बिक्रीवितरण गर्न नपाउँदा किसानको जीविकोपार्जनमै समस्या परेको छ ।

अवस्थामा आफ्नो खेतबारीमा हुर्काइएका उत्पादित काठजन्य तथा जडिबुटीजन्य वस्तुहरूको ओसारपसारमा रहेको झन्झटिला नीतिगत तथा व्यावहारिक अवरोध अन्त्य गर्दै किसानको आर्थिक समृद्धिका लागि सहजीकरण गर्न पनि उहाँले माग गर्नुभयो ।

व्यक्तिको स्वामित्वमा रहेका विभिन्न प्रजातिका ९साल तथा उत्तिसलगायत० रूख तथा जडिबुटी माथिको प्रतिबन्ध तत्काल फुकुवा गर्न पनि एफोनले सरकारसँग माग गरेको छ ।

तर अन्य वन क्षेत्रमा भने यस्ताखाले रूख काट्न पाउने व्यवस्था हालै भएको छ । व्यक्तिका निजी अधिकार भएको जग्गाका रूख काट्न नपाउनु स्वतन्त्रता र व्यक्तिगत सम्पत्तिमाथिको अधिकारमा ठाडो हस्तक्षेत्र भएको बैठकको ठहर छ ।

संघद्वारा जारी विज्ञप्तिमा पारिवारिक निजी वनका रूपमा रहेको करिब ११ प्रतिशत भूभागको वन क्षेत्र संरक्षण गर्दै आएका किसानको बारेमा सरकारले खासै ध्यान नदिएको आरोपसमेत लगाइएको छ । एफोन अध्यक्ष गिरीले जारी गर्नुभएको विज्ञप्तिमा नेपाली बजारमा ६५ प्रतिशत काठ आपूर्ति गरिरहे पनि पारिपारिक निजी वनको उत्पादन भने सरकारको प्राथमिकतामा कहिल्यै नपरेको उल्लेख गरिएको छ ।

किसानले आफ्नो निजी जमिनमा उत्पादन गरेका काठ तथा जडिबुटीजन्य उत्पादनको बिक्री वितरणमा सहज कानुनी प्रावधान नहुनु विडम्बना हो । आफ्ना खेतबारीको डिलका छेउछाउमा हुर्काएका रूख बिरूवाको सहज बिक्रीवितरण गर्न नपाउँदा किसानको जीविकोपार्जनमै समस्या परेको छ ।

एफोन केन्द्रीय केन्द्रिय कार्यसमितिको फागुन २४ र २५ फागुन सम्पन्न बैठकले आगामी कार्ययोजनासहित निम्नअनुसारको घोषणा पत्र जारी गरेको छ । जारी १८ बुँदै घोषणापत्रका मुख्य मुख्य माग निम्नअनुसारको छ स्

पारिवारिक निजी वन किसानले आफ्



नो निजी जमिनमा वर्षौंदेखि संरक्षण तथा व्यवस्थापन गर्दै आएको वन वनश्रोतहरूलाई अन्नबालीसरह बेच्न पाउने व्यवस्था गरियोस् ।

पारिवारिक निजी वनलाई सम्पूर्ण नियमन गर्ने तहको अधिकारसहित स्थानीय सरकारको कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्न माग गर्दछौं ।

नेपालको वन क्षेत्रसम्बन्धी कुनै पनि नीति, ऐन तथा निर्देशिका तथा योजनाहरु निर्माण र कार्यान्वयन गर्दा पारिवारिक निजी वन क्षेत्रको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरियोस् ।

संविधानले व्यक्तिको सम्पत्तिको सुरक्षाको ग्यारेन्टी गरेको अवस्थामा आफ् नो खेतबारीमा हुर्काइएका उत्पादित काठजन्य तथा जडिबुटीजन्य बस्तुहरूको ओसारपसारमा रहेको झन्झटिला नीतिगत तथा व्यावहारिक अवरोध अन्त्य गर्दै किसानको आर्थिक समृद्धिका लागि सहजीकरणको गरियोस् ।

व्यक्तिको स्वामित्वमा रहेका विभिन्न प्रजातिका ९साल तथा उत्तिसलगायतका० रूख तथा जडीबुटीमाथिको प्रतिबन्ध तत्काल फुकुवा गरियोस् । अन्यवन क्षेत्रमा यिनै प्रजातिका रूख काट्न पाउने तर व्यक्तिका निजी अधिकार भएको जग्गामा रहेका रूख काट्न नपाउनु स्वतन्त्रता र व्यक्तिगत सम्पत्तिको अधिकारको ठाडो उल्लंघन भएकोमा हाम्रो आपत्ति छ ।

वन उद्यम स्थापनामा वाधकका रूपमा रहेको दूरीसम्बन्धी कानुनी प्रावधान तत्काल पुनर्विचार गरी उद्यम स्थापनाको लागि सरल र सहज वातावरण बनाई किसानहरूलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्रकारका नीतिगत व्यवस्था गरी कार्यान्वयन गरियोस् । नेपालको हरित अर्थतन्त्र निर्माण अभियानका लागि एक गाउँ एक वन उद्यम नीति तत्काल लागू गरी रोजगार सिर्जना गरियोस् ।

संघीय राज्य प्रणालीको अभ्यासमा पारिवारिक निजी वनसँग सम्बन्धित सबै नीति, निर्णय स्थानीय तहबाट हुने व्यवस्था गरियोस् । पारिवारिक निजी वनसँग सम्बन्धित सबै निर्णयहरु राज्यको स्थानीय सरकारबाटै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र वडा तहबाट गर्न सक्ने व्यवस्था गरियोस् ।

पारिवारिक निजी वन स्रोतहरूलाई धितोका रूपमा स्वीकार गर्दै सहुलियत ब्याजमा ऋण तथा अनुदानमा उपलब्ध हुने व्यवस्था थालनी गरियोस् ।

सफलताको कथा

# बलरामको बल, धानखेतमा वन

बलराम भट्टराईको बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका ७ मा १ बिगाह ५ कठ्ठा खेत छ । तर, त्यो खेतमा अन्नबाली छैन । बरू घना जंगल छ । उहाँ बेफुर्सद भएर खेत बाँझिएको वा वन बनेको भने होइन । उहाँले अन्नबालीको सट्टा खेतमा रूख बिरूवाको खेती गर्नुभएको हो । जसबाट वार्षिक आम्दानी पनि हुन थालेको छ । 'अन्नबालीमा गर्नुपर्ने मेहनत र प्रतिफल जोड्दा धान मकैभन्दा रूखबाट धेरै फाइदा हुने भयो,' बलराम भन्नुहुन्छ, 'त्यसैले अरू बाली छोडेर रूख लगाएको हुँ ।'

बलरामले सुरूमा ०४५ सालमा खेतका कान्ला, साँध र सिंचाइको कुलोमा गरी ४ कठ्ठा क्षेत्रफलमा सिसौ, जामुन र टिक लगाउनु भएको थियो । तिनबाट अहिले वार्षिक २ लाख रूपैयाँजति आम्दानी दिइरहेको छ । रूख काट्न धेरै समस्या छैन । यसअघि वनमा निवेदन दिन्थैँ र रूख काट्थैँ । अहिले टिक, मसला, निम, लहरेपिपल, सिसौंलगायतको कटानमा अनुमति लिनु नपर्ने भएको उहाँले सुनाउनु भयो । 'काठको माग जति पनि छ । त्यसैले रूख बेच्न समस्या छैन,' बलराम भन्नु हुन्छ । दाउराका लागि समेत रूख लैजाने उहाँले जानकारी दिनु भयो ।

वनबाट आम्दानी वर्षेनी बढ्दो छ । तर, अन्नबालीको भने आम्दानी वर्षेनी घट्दो छ । रूखको नियमित आम्दानीले हौसिनु भएका बलरामले ३ वर्षयता धानबाली लगाउँदै आएको अन्य जग्गामा पनि बिरूवा रोप्नु भएको हो । अहिले १ बिगाह ५ कठ्ठा क्षेत्रफलमा वन छ । जसमा मसला, सिसौ, टिकलगायत रूख हुर्किरहेका छन् । यसमध्ये मसलाका रूखले आम्दानी दिन थालिसकेको छ । 'मसला छिटो हुर्कने र छिटै आम्दानी पनि दिने जातका बिरूवा हुन्,' बलराम भन्नुहुन्छ, 'घरको ढलान गर्दा फर्माका लागि र विद्युत् पोलमा प्रयोग गर्न मसलाका काठ लैजाने गरेका छन् ।' सिसौ, टिकलगायतको आम्दानी ६ वर्षपछि सुरू हुने उहाँले सुनाउनु भयो ।

वनलाई अन्नबालीजस्तो नियमित रेखदेख र हेरचाह पनि गर्नु पर्दैन । सुरूका ३/४ वर्षपछि आम्दानी दिन सुरू गर्छ । बलराम अहिले बाँकेको कोहलपुरमा बस्नु हुन्छ । त्यहाँ उहाँले होटल व्यवसाय चलाउनु हुन्छ । आफू टाढा भएर अन्नबाली लगाउन अझ समस्या छ । यस्तोमा वन पाल्दा धेरै सहज भएको उहाँले अनुभव सुनाउनु भयो । 'एक बिगाहा जग्गामा अधियामा



अन्नबाली लगाउन दिँदा वार्षिक करिब २० हजारमात्रै आम्दानी हुँदोरहेछ । यस हिसाबले १० वर्षमा जम्मा २ लाख रूपैयाँ कमाइ हुन्छ,' बलराम हिसाब सुनाउनु हुन्छ, 'मैले वनबाट १० वर्षमा एक करोड कमाउने लक्ष्य लिएको छु ।' ठूला रूख नभएका ठाउँमा बाँस बेचेरमात्रै पनि २० लाख रूपैयाँसम्म कमाउन सकिने उहाँको बुझाइ छ । 'खेतभरि वन छ । मनभरि खुसी छ,' बलराम भन्नुहुन्छ, 'रूख रोपेर सबैलाई फाइदा छ । आफ्नो खेतबारीमा आफैंले खेतीबाली लगाउन नसक्नेका लागि वनबाट अझ बढी फाइदा छ ।'

पछिल्लो समय रूखका बिरूवासमेत वन कार्यालयहरूले निःशुल्क दिन थालेका छन् । बेला बेलामा प्राविधिक सहयोगसमेत हुन्छ । यसले अझ हौसला मिलेको उहाँले सुनाउनु भयो । अहिले बलराम आफूमात्र होइन, अन्य किसानलाई पनि वन पाल्न हौसला दिँदै हिड्न थाल्नु भएको छ । उहाँ लुम्बिनी प्रदेशको पारिवारिक निजी वन संघ, नेपालको संयोजकसमेत हुनुहुन्छ । 'मेरै वन देखेर पनि वन पाल्ने धेरै छन्,' उनले सुनाउनुभयो, 'ठाउँठाउँमा गएर वन नियमित आम्दानी र वातावरण संरक्षण दुवैका लागि महत्वपूर्ण छ भन्ने सिकाउने गर्छु ।'

# बाँझो जमिनमा हुर्किए रुख



भीमदत्त नगरपालिका ९ मटेनाका जयबहादुर जोशीको नेपाल–भारत सीमा नजिकै एक/डेढ बिघा जमिन छ । गहिरो भएकाले पानी जम्ने र सीमा क्षेत्रको वनबाट आउने वन्यजन्तुले कहिल्यै अन्न बाली जोगाउन सकिँदैन थियो । दिनभरि पहरा बसेर पनि बाली जोगाउनै हम्मे हम्मे हुन्थ्यो । मल, बीउ र जोताइको खर्च पनि त्यत्तिकै डुब्थ्यो ।

खेतीपाती जोगाउन नसकिने भएपछि जोशीले केही समय उक्त जमिन बाँझै छाड्नुभयो । बिस्तारै खयर र सिसौका बिरूवा हुर्किन थाले । यो देखेर उहाँलाई पनि सो जमिनमा वृक्षरोपण गर्ने मन लाग्यो । चुरे फेदीमै भएकाले सामुदायिक वनसँगको आबद्धताले यसमा सहयोग पुग्यो । तिनै सामुदायिक वनबाट हरेक वर्ष बिरूवा ल्याएर रोप्न थाल्नु भयो । अहिले उहाँको वन राम्रै बनेको छ ।

जोशीको पारिवारिक वनमा अहिले खयर र सिसौसँगै साल, मसला, टिक, जामुन, डालेघाँस, बाँज र बाँसका बिरूवा हलक्क हुर्किरहेका छन् । यही वनबाट घाँस दाउराको आपूर्ति भएको छ । 'वर्षौसम्म लगानीमात्रै भयो, बालीनाली वन्यजन्तुले खाएर केही पनि पाइँदैनथ्यो,' जोशी भन्नुहुन्छ, 'अहिले मैलेमात्रै होइन, छिमेकीले पनि यही वनबाट घाँस दाउरा पाएका छन् ।'

जोशीको जमिन छेउमै एउटा सानो नाला छ । नालाले वर्षे कटान पनि गरिरहेको थियो । जब उहाँको जमिनको वन हुर्कियो, कटान पनि रोकिएको छ । बर्खामा डुबान हुने भए पनि त्यसले बिरूवालाई कुनै असर नगर्ने उहाँले बताउनु भयो ।

जोशीले पारिवारिक निजी वन हुर्काएको करिब एक दशक पूरा भयो । यो वनबाट हालसम्म कुनै पनि काठ बिक्री भएको

छैन । बिरूवा हुर्किने क्रममा भएकाले हालसम्म आम्दानी दिएका छैनन् । तर घाँस दाउराका लागि हुने खर्च जोगिएको छ । यसैलाई उहाँले आम्दानी मान्नु भएको छ ।

'अहिले पनि मसला, टिक, विजयसाललगायतका बिरूवा रोप्ने काम भइरहेको छ,' जोशीले भन्नुभयो, 'विगतमा केही ठाउँमा हावाहुरीले ढालेको ठाउँमा पुनः बिरूवा रोपिएका छन् ।' उहाँले अबको केही वर्षमा आफ्नो पारिवारिक निजी वनबाट काठ बेचेर आम्दानी लिन सकिने सुनाउनु भयो ।

जोशीले एक दशकदेखि पारिवारिक निजी वन हुर्काइरहनु भएको छ । तर हालसम्म डिभिजन वन कार्यालयलगायत अन्य सरोकारवाला कार्यालयबाट कुनै पनि सहयोग नपाएको उहाँको गुनासो छ । जे जति गऱ्यो आफ्नै सीप र मेहनतका आधारमा भइरहेको उहाँ बताउनु हुन्छ । अहिले जोशीलाई अन्नबाली जोगाउने पहरा दिनुपर्दैन । नत नालाले बर्सेनि गर्ने कटानको पिरलो छ । वर्षौंसम्म बाँझो रहेको जमिनबाट घाँस दाउरा आउन थालेपछि उहाँको परिवार पनि खुसी छ । दाउराका लागि अहिले चुरेको जंगल छिर्न वा सामुदायिक वनको पुर्जी पर्खिनु पर्दैन । घाँसका लागि पनि चुरेको पहाड उक्लिनुपर्दैन ।

भीमदत्त नगरपालिका ९ को मटेना र ब्रम्हदेव क्षेत्रमा धेरैले यस्ता पारिवारिक निजी वन हुर्काएका छन् । तर यस क्षेत्रमा हिउँद र सुख्खा याममा पानीको अभाव हुँदा सिंचाइमा समस्या हुने गरेको उनीहरु बताउँछन् । गहिरो जमिनमा त्यति समस्या नभए पनि अग्लो बलौटे जमिनमा वैशाख/जेठमा पानीको अभावमा बिरूवा सुक्ने गरेको स्थानीयको भनाइ छ ।

तर पनि जोशीजस्ता आफ्नै पारिवारिक निजी वनमा आकर्षित हुने किसानको संख्या बढिरहेको छ । उहाँहरूको अनुभवलाई उतार्ने हो भने, प्रत्येकले कुनै पनि जग्गा बाँझो वा खाली राख्नु हुन्न । त्यसमा स्थानीय जातका कुनै पनि रूख बिरूवा लगाऔं । यसलाई अहिले हामीलाई पनि दिन्छ, भविष्यमा हाम्रा सन्ततिका त झन् सबै आवश्यकता यसैले पूरा गराउँछ । पारिवारिक निजी वन किसान जोशी भन्नु हुन्छ, 'जब पारिवारिक वन बन्छ, तब समुन्नत परिवार, सुखी नेपाली भइन्छ ।'

# वैज्ञानिक वन व्यवस्थापनको विकल्प ल्याउन वनविज्ञको आग्रह

सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यविधी खारेज गरे लगत्तै वन व्यवस्थापनका लागि नयाँ योजना आवश्यक भएको विज्ञहरूले ठहर गरेका छन् ।

वन व्यवस्थापन र काठ आपूर्तिको चुनौतीसम्बन्धी हाका-हाकी बहसमा सहभागी विज्ञहरूले वैकल्पिक व्यवस्थापन योजना आवश्यक भएको बताएका हुन् ।

नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष दिनेशराज रेग्मीले वैज्ञानिक वन व्यवस्थापनका जटिलता र समस्याहरु समाधान गरेर अघि बढ्न सुझाव दिएका छन् ।

उनले भने, 'एउटा ठाउँमा समस्या देखियो भनेर मुलुकभर नै ठप्प गरेर अन्यौलता निम्त्याउन हुदैन । यो पद्दती खारेजसँगै काठ व्यवस्थापन कसरी गर्ने भन्ने प्रश्न उठेको छ । पाँचदेखि छ करोड क्यु फिट काठ आपूर्ति भए पुग्छ अहिले वनमा निकाल्न पर्ने काठ करिब ११ करोड क्यु फिट छ तर विदेशबाट १८ अर्ब रूपैयाँ बराबरको काठ आइरहेको छ ।'

वैज्ञानिक वन व्यवस्थापन गर्दा काटिएका काठको बिक्री वितरण तत्काल खुल्ला गर्नुपर्ने माग उनको छ । वन प्राविधिक संघका उपाध्यक्ष श्रीप्रसाद बरालले सरकारले वैज्ञानिक वन व्यवस्थापन पद्दती हचुवामा खारेज गरिएको बताउनु भएको छ । अर्को विकल्प नभई वैज्ञानिक वन व्यस्थापन कार्यविधि खारेज गर्न नहुने बरालको जिकिर थियो ।

सामुदायिक वन उपभोक्ता महासंघका सचिव ठाकुर भण्डारीले उपभोक्ताको चाहना सहज र सरल तरिकाले काठ व्यवस्थापन गर्ने रहेको उल्लेख गर्दै भन्नभयो, 'वनको व्यवस्थापनमा जनसहभागिता हुनुपर्छ ।'

भण्डारीले थप प्रष्ट पार्दै भन्नुभयो, 'दिगो वन व्यवस्थापनमा योजना बनाएर उपभोक्तालाई सहज रूपमा काठ उपलब्ध गराउने अधिकारको लागि हामी सकारात्मक छौं ।' पर्यावरण विज्ञ बाबुराम यादवको भनाइ थियो, 'कथा कथित वैज्ञानिक वन व्यवस्थापन जनतालाई ठग्ने र नेतालाई झुकाउने काम हो ।'

वन व्यवस्थापन महाशाखाका प्रमुख दिवेशमणि त्रिपाठीले सरकारले वैज्ञानिक वन व्यवस्थापनको विकल्प छिट्टै खोज्ने प्रतिवद्धता जनाउनु भयो । 'यसको लागि सरकारले गृहकार्य गरिरहेको छ', उहाँको भनाइ थियो ।

वन विज्ञ डा. विनोद भट्टले वनको दिगो व्यवस्थापनका लागि सरोकारवाला निकायले वृक्षरोपणलाई प्राथमिकतामा राख्नुपर्ने बताउनु भयो । 'योजना बनाएर वृक्षरोपण गरी त्यसको व्यवस्थापन गर्नुपर्छ,' उनले बताउनु भयो ।

# उदाहरणीय अलैंची र कपास खेती

प्रेमप्रसाद रिजाल, पारिवारिक निजी वन संघ, नेपाल (एफोन) सुर्खेत जिल्ला अध्यक्ष हुनुहुन्छ । चिंगाड गाउँपालिका २ रानीबासमा उहाँकै नेतृत्वमा समुदायका ३४ जना किसानले आफ्नो स्वामित्वमा रहेको वन क्षेत्रमा अलैंची खेती गरेका छन् । तीन वर्षअघि इलामबाट बिरूवा ल्याएर रानीबासमा अलैंची खेतीको थालनी गरिएको हो । रिजालले मात्रै १७ रोपनी जग्गामा अलैंची खेती गर्नुभएको छ । एक वर्षमा डेढ क्विन्टल अलैंची उत्पादन गरी बजारमा न्यूनतम ८०० देखि १००० रूपैयाँसम्म बिक्री गर्दै आउनुभएको छ । "९० हजार रूपैयाँमा बिरूवा किनेर अलैंची खेती गरेको हुँ, अहिले आम्दानी राम्रै भइरहेको छ," उहाँले भन्नुभयो, एकै वर्षमा डेढ लाख रूपैयाँसम्म कमाउन सफल भएको छु ।"

रिजालजस्तै रानीबासका अन्य किसानले समेत अलैंची खेतीबाट मनग्य फाइदा लिन सफल भएका छन् । बाँझो जग्गामा अलैंची खेती गरेर आम्दानीको स्रोत बन्दा किसानहरु खुसी छन् । रिजालकै छिमेकी तुलसिं खड्काले पानी घट्टबाट खेर गएको पानीलाई सदुपयोग गरेर अलैंची खेती गर्नुभएको छ । विपन्न परिवारका तुलसिं अलैंची उत्पादन देखेर आफैं चकित हुनुहुन्छ । "बाँझो जग्गामा राम्रो अलैंची फल्यो, बेचेर घर खर्च चलाउन मद्दत पुगेको छ," उहाँ भन्नुहुन्छ, "मेरो त अरू आम्दानीको स्रोत केही थिएन, अलैंची बेचेर घर खर्च चलाएको छु ।" अलैंची बासनायुक्त औषधिजन्य मसलाबाली हो । शक्तिबर्द्धक भएकाले यो स्वास्थ्यका लागि लाभदायक मानिन्छ । यहाँको अलैंचीले वीरेन्द्रनगरमा राम्रो बजार पाएको छ ।

पदमबहादुर मल्ल, पारिवारिक निजी वन संघ नेपाल (एफोन) का प्रदेश उपाध्यक्ष तथा मुगु जिल्ला अध्यक्ष हुनुहुन्छ । उहाँकै अगुवाइमा परिवर्तनशील कृषि सहकारी संस्था लिमिटेडले सोरू गाउँपालिकामा कपास खेती गरेको छ । गाउँपालिकाको वडा नं १ देखि ११ सम्म व्यक्तिको स्वामित्वमा रहेको १०० हेक्टर जग्गामा आर्थिक वर्ष २०७५/०७६ देखि कपास खेती सुरू गरिएको हो ।




हिमाली जिल्ला मुगुको पारिवारिक निजी वनमा गरिएको कपास खेतीलाई कर्णाली प्रदेशमै नमुनाका रूपमा लिने गरिन्छ । "पारिवारिक निजी वनमा बोटविरूवा, जडिबुटीलगायत खेती गरेर उद्यमशील बन्न सकिन्छ भन्ने उदाहरण सोरू गाउँपालिकाका किसानले दिएका छन्," एफोनका जिल्ला अध्यक्ष मल्लले भन्नुभयो, "यहाँकै कपास खेतीबाट प्रभावित भएर



डिभिजन वन कार्यालयले जिल्लाका ९ वटा निजी वन दर्ता गर्न तयार भएको छ ।" यद्यपि कोरोना भाइरसको महामारीका कारण सिर्जित लकडाउनले ती वनमा लगाउने जडिबुटीका बेर्ना ढुवानीमा समस्या भएको बताइएको छ ।

सोरूका किसानले उत्पादन गरेको कपास सहकारीले किन्छ र सहकारी भवनमै कपासबाट कपडा उत्पादन गरिन्छ । प्रदेश सरकारले सहकारीलाई मेसिन, हाते औजारलगायतमा अनुदान सहयोग गरेपछि सहज भएको अध्यक्ष मल्ल बताउनुहुन्छ । सहकारीले कपासबाट बनेको कपडा निश्चित मूल्यमा बिक्री गर्ने गर्दछ । हाल सहकारीको गोदाममा १३५ क्विन्टल कपास छ । जुन किसानबाट प्रतिकेजी २०० रूपैयाँमा सहकारीले खरिद गरेको हो ।

सोरू गाउँपालिकाका ३२ ठाउँमा कपासका साना फार्म छन् । ती फार्मबाटै सहकारीले कपास संकलन गर्ने गर्दछ । कपासबाट लत्ताकपडा, सिरक, डसना बनाएर मुगुमै बिक्री गर्ने गरिन्छ । सोरू गाउँपालिका मुगु जिल्लामै कपास खेती हुने एकमात्र क्षेत्र हो । त्यसैले जिल्लामा कपास र कपासबाट बनेका लत्ताकपडा र ओढ्ने सिरकको माग बढ्दै गएको छ ।




DANISH FORESTRY EXTENSION

**पारिवारिक निजी वन संघ, नेपाल (एफोन)**

केन्द्रीय कार्यालय, शान्तिनगर, काठमाडौं, नेपाल
फोन : ०१–४६२१४००
Website: www.familyforestnepal.org, Email: info@familyforestnepal.org